NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

# प्रेस विज्ञप्ति

## श्रावण ७, २०८२

## एन आई सी एशिया क्यापिटल र जानकी केवल इण्डस्ट्री लिमिटेड बीच सर्वसाधारणमा निष्काशन गर्नुपर्ने शेयरको निष्कासन तथा बिक्री प्रबन्धक नियुक्ति गर्ने सम्बन्धी दुई पक्षिय सम्झौता सम्पन्न भएको छ ।




एन आई सी एशिया क्यापिटलले “IDEA to IPO” सेवा अन्तर्गत कुनै पनि क्षेत्रका कम्पनीहरुलाई कम्पनीको स्थापना कालदेखि IPO जारी गर्ने चरणसम्म पुऱ्याउन आवश्यक पर्ने सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउदै आईरहेको छ । सोही सेवा अन्तर्गत क्षिरेश्वरनाथ नगरपालिका-४, धनुषामा कारोवार कार्यालय रहेको जानकी केवल इण्डस्ट्री लिमिटेडको प्रबन्धपत्रमा व्यवस्था भए अनुसार प्रचलित कानून अधिनमा रही सर्वसाधारणहरुमा प्राथमिक शेयर (IPO) निष्कासन गर्नको लागि एन आई सी एशिया क्यापिटल लिमिटेड र जानकी केवल इण्डस्ट्री लिमिटेड बीच निष्कासन तथा बिक्री प्रबन्धक नियुक्ति गर्ने सम्बन्धी दुई पक्षिय सम्झौता सम्पन्न भएको छ ।

ISO 9001:2015 प्रमाणित तथा Restriction of Hazardous Substances (RoHS), Conformite Europeans (CE) र International Electrotechnical Commission (IEC) युरोपियन प्रमाणपत्र प्राप्त जानकी केवल इण्डस्ट्री नेपालको पहिलो केवल निर्माता कम्पनी हो । जानकी केवल इण्डस्ट्री नेपालको अग्रणी केवल तथा कन्डक्टर निर्माता कम्पनी हो । जानकी केवल इण्डस्ट्रीबाट उत्पादित केवल तथा कन्डक्टरलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त RoHS, CE र IEC युरोपियन प्रमाणपत्रहरू प्राप्त गर्दै ऐतिहासिक उपलब्धि हासिल गर्न सफल कम्पनी हो । हाल जानकी केवल इण्डस्ट्रीले ACSR कन्डक्टर, हाउस वायर, ABC केवल, अटो केवल, फ्लेक्सिबल वायरहरू, पावर केवल, इलेक्ट्रोनिक केवलहरू उत्पादन गरी सहज र सरल रुपमा आम उपभोक्त माझँ उपलब्ध गराउँदै आइरहेको छ ।

एन आई सी एशिया क्यापिटलले “IDEA to IPO” सेवा अन्तर्गत प्रा.लि. लाई पब्लिक कम्पनीमा परिणत गरी साधारण शेयर निष्काशन सम्मको कार्य गर्न आवश्यक परामर्श सेवा संचालन गरिरहेको हुँदा उक्त सेवा लिन चाहने कम्पनीहरुले क्यापिटलका प्रमुख मर्चेण्ट बैंकिङ्ग अधिकृत श्री दामोदर रायमाझीज्यूलाई सम्पर्क गर्न सकिने छ ।

Ramendra

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य